# प्रादेशिक विद्युत सम्बन्धी विधेयक, २०७५

प्रमाणीकरण मिति

.......................

सम्वत्  सालको 2077ऐन नं............... .

<u>प्रस्तावनाः</u> प्रदेशमा विद्युत क्षेत्रको सर्वाङ्गिण विकास गर्न, प्रदेशमा विद्यमान विद्युतीय श्रोतहरुको पहिचान, सर्वेक्षण लगायत प्रादेशिक विद्युत उत्पादन र प्रसारण आयोजनाको निर्माण र सञ्चालन गर्न, प्रादेशिक वितरण प्रणाली एवम् लाइनको निर्माण, विस्तार, व्यवस्थापन, सुदृढीकरण, सञ्चालन र मर्मत सम्भार गर्न, सबै वर्गका ग्राहकहरुलाई व्यवस्थित, भरपर्दो, गुणस्तरीय, दक्ष, सुरक्षित एवम् सर्वसुलभ विद्युत सेवा उपलब्ध गराई विद्युतलाई प्रादेशिक समृद्धिको आधारशिला बनाउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१.  <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रादेशिक विद्युत ऐन, २०७५" रहेको छ।

(२)  यो ऐन प्रदेश भर तुरुन्त लागु हुनेछ।

२.  <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “प्रदेश” भन्नाले प्रदेश नं.२ सम्झनुपर्छ।

(ख) “प्रदेश सरकार” भन्नाले प्रदेश नं.२ को मन्त्रिपरिषद् सम्झनुपर्छ।

(ग) “मन्त्रालय” भन्नाले प्रदेश नं.२ को उर्जा तथा विद्युतसँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ।

(घ) “विद्युत” भन्नाले जलश्रोत, सौर्य किरण, वायु, खनिज तेल, कोइला, खनिज ग्यास, बायोमास, जियोथर्मल, परमाणविक, आणविक, जैविक पदार्थ वा अन्य कुनै श्रोतबाट उत्पादन, प्रसारण, वितरण, आपूर्ति वा व्यापार गरिएको विद्युत शक्ति सम्झनुपर्छ।

(ङ) “अनुमति” भन्नाले विद्युत आयोजनाको सर्वेक्षण, विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि यस ऐन बमोजिम प्राप्त अनुमति सम्झनुपर्छ।

(च) “अनुमति प्राप्त संस्था” भन्नाले यस ऐन बमोजिम विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि अनुमति प्राप्त संगठित संस्था वा निकाय वा कम्पनी सम्झनुपर्छ।

(छ) “जलविद्युत” भन्नाले जलश्रोतबाट उत्पादन हुने विद्युत शक्ति सम्झनुपर्छ।

(ज) "सौर्यविद्युत" भन्नाले सौर्य किरणबाट उत्पादन हुने विद्युत शक्ति सम्झनुपर्छ।

(झ) "वायुविद्युत" भन्नाले वायुबाट उत्पादन हुने विद्युत शक्ति सम्झनुपर्छ।

(ञ) "थर्मलविद्युत" भन्नाले कोइला वा खनिज तेलबाट उत्पादन हुने विद्युतशक्ति सम्झनुपर्छ।

(ट) "वायोमास विद्युत" भन्नाले वनजंगलबाट निस्केको पात पतिङ्गर, चिनी कारखानाबाट निस्केको बगास तथा मोलासस, गाईवस्तुका गोबर तथा मलमुत्र, घरायसी तथा सहरी ठोस विकार पदार्थ आदिबाट उत्पादन हुने विद्युत शक्ति सम्झनुपर्छ।

(ठ) "प्रादेशिक विद्युत आयोजना" भन्नाले यस प्रदेशका नदीनाला वा खोलाको पानी वा जलश्रोतको प्रयोग गरी प्रदेशको भूभाग भित्र निस्किने जलविद्युत, प्रदेशको भू-भाग भित्र उत्पादन हुने सौर्यविद्युत, वायुविद्युत, थर्मलविद्युत, बायोमासविद्युत र परमाणविक विद्युत सम्बन्धी आयोजना सम्झनुपर्छ।

(ड) "उत्पादन" भन्नाले प्रदेश भित्र विद्युत उत्पादन र सोको लागि आवश्यक संरचनाको निर्माण,

सञ्चालन तथा सम्भारको कार्य समेत सम्झनुपर्छ।

(ढ) "प्रसारण" भन्नाले वितरण प्रणाली बाहेक कुनै विद्युत उत्पादन केन्द्र वा कुनै एक सबस्टेशनबाट अर्को सबस्टेशनसम्म विद्युतीय तारको माध्यमबाट विद्युतशक्ति प्रवाह गर्नको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा सम्भारको कार्य समेत सम्झनुपर्छ।

(ण) "वितरण" भन्नाले प्रदेश भित्र विद्युत सेवा उपलब्ध गराउन आवश्यक संरचनाको निर्माण, विस्तार, सुदृढीकरण, व्यवस्थापन, सञ्चालन, मर्मत सम्भारको कार्य समेत सम्झनुपर्छ।

(त) "वितरण प्रणाली" भन्नाले ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रदेश भित्र निर्माण गरिएको विद्युत वितरण सञ्जाल र त्यसमा वितरकबाट जडित मेशिनरी र उपकरण समेतलाई सम्झनुपर्छ।

(थ) "ग्राहक" भन्नाले विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति वा कानून बमोजिम स्थापित संघ, संस्था, निकाय र कम्पनी समेत सम्झनुपर्छ।

(द) "महशुल" भन्नाले विद्युत सेवा उपभोग गरे बापत ग्राहकले वितरण अनुमति प्राप्त संस्था वा

वितरकलाई बुझाउनु पर्ने विद्युत मूल्य, महशुल तथा अन्य दस्तुर सम्झनुपर्छ।

(ध) "संरचना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका सम्बन्धित बाँध, जलाशय, जलमार्ग, प्रवेशमार्ग, विद्युतगृह वा केन्द्र, सबस्टेशन, प्रसारण लाइन, वितरण लाइन, वितरण प्रणाली, त्यसको भौतिक पूर्वाधार लगायत त्यसले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी र उपकरण समेतलाई सम्झनुपर्छ।

(न) "विद्युतव्यापार" भन्नाले विद्युत खरिद गरी पुनः बिक्री गर्ने कार्य वा विद्युतको अन्तरदेशीय (क्रसबोर्डर) र अन्तरप्रादेशिक (इन्टरस्टेट) आयात वा निर्यात गर्ने कार्य समेत सम्झनुपर्छ।

(प) "सर्वेक्षण" भन्नाले प्रदेश भित्र विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने प्रयोजनको लागि निर्माण शुरु गर्नुपूर्व गरिने अध्ययन लगायतका अन्य कार्य सम्झनुपर्छ।

(फ) "आयोग" भन्नाले दफा ३७ बमोजिम गठन भएको प्रदेश विद्युत नियमन आयोग सम्झनुपर्छ।

(ब) “निरीक्षक” भन्नाले दफा ६१ बमोजिम नियुक्त भएको विद्युत निरीक्षक सम्झनुपर्छ र सो शब्दले प्रमुख विद्युत निरीक्षकलाई समेत जनाउनेछ।

(भ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद-२
## अनुमति सम्बन्धी व्यवस्था

३. **अनुमति लिनुपर्नेः** (१) प्रदेश भित्र विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सञ्चालन वा विकास गर्न चाहने संस्था वा कम्पनी वा निकायले यो ऐन तथा यो ऐन अन्तरगत बनेको नियम बमोजिम अनुमति लिनुपर्नेछ।

(२) यो ऐन बमोजिम अनुमति नलिई कसैले पनि प्रदेश भित्र विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सञ्चालन गर्न पाइनेछैन।

तर १००० किलोवाट सम्मको विद्युतको उत्पादन वा प्रसारण वा वितरण तथा त्यसको लागि आवश्यक सर्वेक्षण गर्न स्वदेशी व्यक्ति वा संस्थाले अनुमति लिनु पर्ने छैन।१०० देखि १००० किलोवाटसम्मको विद्युतको सर्वेक्षण, उत्पादन वा प्रसारण

वा वितरण गर्नुअघि तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम जानकारी दिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै यस प्रदेश भित्र विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सञ्चालन गरिरहेको निकाय वा संस्था वा कम्पनी वा व्यक्तिले उपदफा (२) र (४) को प्रावधान बमोजिम हुनेमा बाहेक तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको निकाय वा अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै संघीय सरकारको सम्बन्धित निकायबाट कानून बमोजिम अनुमति प्राप्त कुनै निकाय वा संस्था वा कम्पनी वा व्यक्तिले यस प्रदेश भित्र विद्युतको उत्पादन वा प्रसारण सञ्चालन गरिरहेको अवस्थामा सोको साविक अनुमति बहाल रहेको अवधिसम्म पुनः अनुमति लिनु पर्नेछैन।

तर सर्वेक्षण अनुमति प्राप्त संस्था वा निकाय वा कम्पनी वा व्यक्तिले त्यस्तो अनुमतिको अवधि भित्रै संघीय सरकारको सम्बन्धित निकायबाट विद्युत उत्पादन वा प्रसारण अनुमति प्राप्त गर्न असमर्थ भएमा यो ऐन बमोजिम नै अनुमति लिनु पर्नेछ।

साथै साविक अनुमति प्राप्त निकाय वा संस्था वा कम्पनी वा व्यक्तिले यस प्रदेश भित्र विद्युतको उत्पादन

वा प्रसारण अनुमति लिइसकेको बारेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम जानकारी दिनु पर्नेछ।

(५) अनुमतिको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तुर, सेवा शुल्क तथा अन्य आवश्यक विवरणहरु तोकिए बमोजिम हुनेछ।

४. <u>अनुमतिको व्यवस्था:</u> (१) प्रदेश भित्र विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सञ्चालन वा विकास गर्न चाहने निकाय वा संस्था वा कम्पनी वा व्यक्तिले सम्बन्धित विषयको प्राविधिक, आर्थिक र वातावरणीय पक्ष सहितको विस्तृत अध्ययन प्रतिवेदन र तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ। तर व्यापार अनुमतिको लागि वातावरणीय प्रतिवेदन आवश्यक पर्नेछैन।

साथै विद्युतको सर्वेक्षण अनुमतिको लागि निवेदन दिंदा विस्तृत अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन । विद्युतको उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण गर्नुअघि तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा प्रारम्भिक अध्ययन प्रतिवेदन (डेस्क स्टडी रिपोर्ट) अनिवार्य पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) र दफा ३ को उपदफा (५) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजात तथा

अन्य विवरण उपर आवश्यक जाँचबुझ गर्दा अनुमति प्रदान गर्न मनासिब देखिएमा निवेदन परेको मितिले विद्युतको सर्वेक्षण अनुमतिको हकमा तीस दिन भित्र र विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार अनुमतिको हकमा नब्बे दिन भित्र तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमति दिइनेछ।

(३) विद्युतको उत्पादन, प्रसारण वा वितरण अनुमति प्रदान गर्नुअघि त्यस्तो कार्य वा आयोजना सम्बन्धी विवरणहरु खुलाई प्रस्तावित कार्य वा आयोजनाको सम्बन्धमा कुनै सरोकार वा चासो भए सो पेश गर्न सर्वसाधारणको जानकारीको लागि पैंतीस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) अनुमतिको लागि प्राप्त निवेदनको जाँचबुझ गर्दा निवेदकको माग बमोजिम विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापारको अनुमति प्रदान गर्न नपर्ने देखिएमा सोको आधार र कारण सहित अनुमति प्रदान नगर्ने निर्णय गरी सोको जानकारी त्यस्तो निर्णय भएको मितिले सात दिन भित्र सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त गर्ने निवेदकले जानकारी प्राप्त गरेको पैंतीस दिन भित्र तोकिए बमोजिमको निकायमा लिखित उजुरी वा निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उजुरी वा निवेदन परेमा सम्बन्धित निकायले उजुरी वा निवेदन परेको पैंतालिस दिन भित्र जाँचबुझ गरी आवश्यक निर्णय गर्नु पर्नेछ।

(७) साविक अनुमति प्राप्त संस्थाले आफ्नो अनुमति बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्न परेमा तोकिएको अधिकारीबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(८) साविक अनुमति प्राप्त संस्था वा निकाय वा व्यक्तिले यस प्रदेश भित्र वितरण प्रणाली विस्तार वा प्रणाली सुदृढीकरण सम्बन्धी कुनै नयाँ कार्य गर्नु परेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम जानकारी दिनु पर्नेछ।

(९) अनुमति प्राप्त संस्था वा निकाय वा व्यक्तिले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वितरण वा व्यापार सम्बन्धमा पालन गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछन्।

५. <u>अनुमतिको अवधिः</u> (१) जलविद्युतको सर्वेक्षणको लागि दिइने अनुमतिको अवधि बढीमा पाँच वर्षसम्मको हुनेछ।

तर सौर्यविद्युत, वायुविद्युत, थर्मलविद्युत, वायोमासविद्युत र परमाणविक विद्युतको सर्वेक्षणको लागि दिइने अनुमतिको अवधि बढीमा दुई वर्षसम्मको हुनेछ।

(२) विद्युत प्रसारण वा वितरणको सर्वेक्षणका लागि दिइने अनुमतिको अवधि बढीमा दुई वर्षसम्मको हुनेछ।

(३) जलश्रोतबाट विद्युत उत्पादनको लागि दिइने अनुमतिको अवधि बढीमा पैंतीस वर्षसम्मको हुनेछ।

(४) जलश्रोत बाहेक अन्य श्रोतबाट विद्युत उत्पादनको लागि दिइने अनुमतिको अवधि बढीमा तीस वर्षसम्मको हुनेछ।

(५) विद्युत प्रसारण वा वितरणको लागि दिइने अनुमतिको अवधि बढीमा पैंतीस वर्षसम्मको हुनेछ।

(६) विद्युत व्यापारका लागि दिइने अनुमतिको अवधि बढीमा दश वर्षसम्मको हुनेछ।

६. <u>अनुमतिको नवीकरणः</u> (१) अनुमति प्राप्त संस्थाले आफूले प्राप्त गरेको अनुमति नवीकरण गराउन चाहेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमका विवरणहरु तथा नवीकरण दस्तुर सहित निवेदन दिन सकिनेछ। तर विद्युत उत्पादनको अनुमति नवीकरण गरिनेछैन।

(२) दफा ५ को उपदफा (१), (२), (५) वा (६) मा तोकिएको अवधिभन्दा कम अवधिको लागि अनुमति दिइएकोमा सर्वेक्षण अनुमतिमा तोकिएको अवधि समाप्त हुनुभन्दा एक महिना अगावै तथा प्रसारण, वितरण वा व्यापार अनुमतिमा तोकिएको अवधि समाप्त हुनुभन्दा

एक वर्ष अगावै तोकिए बमोजिम अनुमति नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुमति नवीकरण नगराएमा वा सर्वेक्षण अनुमति नवीकरणको लागि निवेदन नदिएमा त्यस्तो अनुमतिको बहाल रहने अवधि समाप्त भएपछि सो अनुमति स्वतः रद्द हुनेछ।

(४) अनुमति नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>अनुमतिको खारेजीः</u> (१) देहायको कुनै वा सबै अवस्थामा अनुमति प्रदान गर्ने अधिकारी वा तोकिएको अधिकारी वा निकायले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि दिइएको अनुमति खारेज वा रद्द गर्न सक्नेछ :-

(क) अनुमति प्राप्त संस्था वा निकाय वा व्यक्तिले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्ने कार्य नियतवश समयमा सम्पन्न नगरेमा,

(ख) अनुमतिमा उल्लेखित शर्तहरु जानाजान र बारम्बार उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजश्व, कर, शूल्क, रोयल्टी नबुझाएमा,

(घ) अनुमति प्राप्त संस्थाको वित्तीय हैसियत वा अवस्था नाजुक भई अनुमति बमोजिमको कार्य पूर्ण र प्रभावकारी रुपमा सम्पन्न गर्न सक्दैन भन्ने कुरामा अनुमति प्रदान गर्ने अधिकारी वा निकाय विश्वस्त भएमा।

(२) अनुमति प्राप्त संस्थाले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारी वा निकायले निश्चित अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमति प्राप्त संस्थालाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधि भित्र अनुमति प्राप्त संस्थाले आवश्यक सुधार नगरेमा अनुमति प्रदान गर्ने अधिकारी वा तोकिएको अधिकारी वा निकायले त्यस्तो संस्थाले पाएको अनुमति खारेज गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमति खारेज गर्नुअघि अनुमति प्रदान गर्ने अधिकारी वा तोकिएको अधिकारी वा निकायले सम्बन्धित अनुमति

प्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्न मनासिब माफिकको समय दिइनेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सफाइ समेतका आधारमा अनुमति खारेज गर्नुपर्ने देखिएमा अनुमति प्रदान गर्ने अधिकारी वा तोकिएको निकायले त्यस्तो अनुमति खारेज गरी सोको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको जानकारी पाएको तीस दिनभित्र त्यस्तो निर्णयमा चित्त नबुझ्ने पक्षले तोकिएको निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम निवेदन उपर तोकिएको निकाय वा अधिकारीले निवेदन परेको साठी दिनभित्र जाँचबुझ गरी आवश्यक निर्णय गर्नु पर्नेछ।

(८) उपदफा (५) बमोजिम अनुमति खारेज भएमा मन्त्रालयले त्यस्तो अनुमति बमोजिमको कार्य आफैले वा संघीय सरकार वा प्रदेश सरकारको स्वामित्व भएको कुनै संस्था वा कुनै निकाय वा प्रतिस्पर्धाको माध्यमबाट गर्न/गराउन सक्नेछ।

८. <u>संरचनाको हस्तान्तरणः</u> (१) अनुमति प्राप्त संस्था वा संघीय कानून अनुसार प्रदेशभित्र जलविद्युतको उत्पादन, विद्युत प्रसारण वा वितरण गरिरहेको व्यक्ति वा संस्थाले

अनुमतिको अवधि समाप्त भएपछि वा अनुमति नवीकरण नगराएमा यस प्रदेश भित्रका देहाय बमोजिमको संरचना चालु हालतमा निःशूल्क प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ :-

(क) जलविद्युत उत्पादन केन्द्र तथा सोसँग सम्बन्धी संरचना,

(ख) विद्युत प्रसारण लाइन तथा विद्युत वितरण प्रणाली सम्बन्धी संरचना,

(२) उपदफा (१) बमोजिम आयोजना तथा संरचना हस्तान्तरण गर्नुभन्दा कम्तिमा एक वर्ष अघिदेखि अनुमति प्राप्त व्यक्ति वा संस्थाले सम्बन्धित निकायका कर्मचारी वा प्रतिनिधिलाई त्यस्तो संरचनाको सञ्चालन र मर्मत सम्भारका विषयमा संलग्न गराई प्रविधि हस्तान्तरण समेत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारको स्वामित्वमा आएको संरचना पुनः प्रयोग गरी विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नको लागि पूर्व अनुमति प्राप्त संस्था वा कुनै निकायलाई उपदफा (४) बमोजिम समितिबाट निर्धारण गरिएको मूल्य वा वार्षिक शूल्कमा अवधि खुलाई मन्त्रालयबाट करार सम्झौता गरिदिन सकिनेछ। त्यसरी संरचना र सम्पत्ति पुनः प्राप्त गरेपछि सो संस्थाले करार सम्झौता बमोजिमका शर्तको अधिनमा रही विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रदेश सरकारको स्वामित्वमा आएको संरचनाको वास्तविक मूल्य वा वार्षिक शूल्क निर्धारण प्रयोजनको लागि प्रदेश सरकारले विद्युत क्षेत्रको विशेषज्ञ, अर्थविज्ञ, लेखा परिक्षण विज्ञ, प्रदेश सरकारको प्रतिनिधि सहित कम्तीमा पाँच सदस्यीय एक समिति गठन गर्नेछ। सदस्यहरुको योग्यता तोकिए बमोजिम हुनेछ। समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>अनुमति दिनमा बन्देजः</u> यस ऐन बमोजिम प्रदेशको कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि कुनै संस्था वा संगठित संस्था वा व्यक्तिलाई अनुमति दिइएकोमा त्यस्तो अनुमतिको अवधिभर सोही क्षेत्रमा सोही प्रकृतिको कामको लागि अन्य कुनै संस्था वा संगठित संस्था वा व्यक्तिलाई अनुमति दिइनेछैन।

तर वितरण अनुमति प्राप्त संस्थाले अनुमति प्राप्त क्षेत्रमा विद्युतको माग पूर्ति गर्न नसकेको वा भरपर्दो, गुणस्तरीय, सुरक्षित र सर्वसुलभ विद्युत सेवा संतोषजनक रुपमा उपलब्ध गराउन नसकेको भन्ने कुरा पुष्टि भएमा अन्य कुनै संस्था वा निकाय वा व्यक्तिलाई पनि सो क्षेत्रमा विद्युत वितरण गर्न अनुमति दिन सकिनेछ।

## परिच्छेद-३
## <u>विद्युत उत्पादन सम्बन्धी व्यवस्था</u>

१०. <u>विद्युत उत्पादन स्वीकृतिः</u>(१) अनुमति प्राप्त संस्थाले विद्युत आयोजनाको निर्माण सम्पन्न गरेपछि त्यस्तो आयोजनाबाट विद्युत उत्पादन गर्न तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युत उत्पादनको स्वीकृति दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. <u>क्याप्टिभ उत्पादनः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा फर्म वा सहकारी वा कम्पनी वा उद्योगले आफ्नो प्रयोजनको लागि क्याप्टिभ प्लान्ट स्थापना गरी विद्युत उत्पादन गर्न अनुमति लिनु पर्नेछैन।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "क्याप्टिभ उत्पादन" भन्नाले कुनै उद्योग वा व्यवसाय वा संगठित संस्थाले आफ्नै उपयोगको लागि वा आफैले उत्पादन गरेको विद्युतको कम्तीमा एकाउन्न प्रतिशत आफैले खपत वा उपयोग गर्ने गरी निर्माण गरेको विद्युत उत्पादन सम्झनुपर्छ।

१२. <u>उत्पादित विद्युतको विक्रीः</u> (१) उत्पादन अनुमति प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय वा प्रादेशिक विद्युत प्रसारणको लागि कानून बमोजिम स्थापना गरेको निकाय वा कम्पनी वा वितरण वा व्यापार अनुमति प्राप्त

संस्थालाई विद्युत खरिद सम्झौता गरी आंशिक वा एकमुष्ट बिक्री गर्न सक्नेछ।

(२) उत्पादन अनुमति प्राप्त संस्थाले उत्पादन गरेको विद्युत एकमुष्ट विक्री गर्न चाहेमा प्रादेशिक वा राष्ट्रिय ग्रिड वा प्रसारण वा वितरण प्रणालीमा समावेश हुने गरी प्रदेश सरकारले आफै वा अनुमतिपत्र प्राप्त संस्था वा निकाय वा वितरण कार्यमा संलग्न कुनै संस्था वा कम्पनी मार्फत खरिद गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खरिद गरिने विद्युतको खरिद दर निर्धारण गर्दा विस्थापित लागत (एभ्वाइडेड कष्ट) को निश्चित प्रतिशत वा उत्पादन खर्चमा थप (कष्ट प्लस) वा प्रचलित औसत विद्युत महशुल दरको निश्चित प्रतिशत (फिक्स्ड परसेन्टेज अफ द एभरेज टेरिफ) वा शेयर लगानीको प्रतिफल (रिटर्न अन इक्विटी) को निश्चित प्रतिशत समेतको आधारमा निर्धारण गरिनेछ।

(४) उपदफा (३) बमोजिम विद्युतको खरिद दर निर्धारण गर्दा सम्पूर्ण लगानी सत्र वर्षमा फिर्ता हुनेगरी ह्रास कट्टीको हिसाब गरिनेछ।

(५) विद्युतको थोक बजार स्थापना तथा सञ्चालन भएपछि विद्युतको खरिद बिक्री दर तथा मूल्य निर्धारण प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>प्रादेशिक विद्युत प्रसारण ग्रिड तथा विद्युत प्रसारण सम्बन्धी व्यवस्था</u>

१३. **<u>प्रादेशिक विद्युत प्रसारण ग्रिडः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस प्रदेश भित्रको कुनै प्रसारण लाइन वा ग्रिडलाई प्रादेशिक विद्युत प्रसारण ग्रिड तोक्न सक्नेछ। राष्ट्रिय विद्युत प्रसारण ग्रिडको कुनै खण्डलाई प्रादेशिक विद्युत प्रसारण ग्रिड तोक्नुपर्ने भएमा संघीय मन्त्रालय वा सम्बन्धित निकाय/संस्थासँग परामर्श गर्नु पर्नेछ।

(२) कुनै अनुमति प्राप्त संस्था वा संघीय सरकारको कुनै निकाय/संस्था वा प्रदेश सरकारको कुनै निकाय/संस्थाले यस प्रदेश भित्रको कुनै विद्युत प्रसारण लाइन वा प्रादेशिक विद्युत प्रसारण ग्रिड व्यापारिक प्रयोजनको लागि प्रयोग गर्दा त्यस बापत प्रदेश सरकारले तोकिए बमोजिमको शूल्क वा दस्तुर लिनेछ।

(३) प्रदेश सरकारले उपदफा (१) बमोजिमको प्रादेशिक विद्युत प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापनको लागि निकाय समेत तोक्नेछ।

(४) उपदफा(३) बमोजिमको प्रादेशिक विद्युत प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापन, त्यसमा

खुल्ला पहुँच र प्रयोगको विधि तथा त्यस सम्बन्धी प्राविधिक विषयहरु तोकिए बमोजिम हुनेछ।

१४. <u>विद्युत प्रसारण ग्रिडमा पहुँचः</u> (१) अनुमति प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय विद्युत प्रसारण ग्रिड वा प्रादेशिक विद्युत प्रसारण ग्रिड वा विद्युत प्रसारण प्रणाली मार्फत यस प्रदेश भित्र वा बाहिर नेपाल भरि प्रसारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युत प्रसारण गर्न चाहने निकाय वा संस्थाले विद्युत प्रसारण ग्रिडमा पहुँच प्राप्तीको लागि तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा तोकिए बमोजिम विद्युत प्रसारण ग्रिड प्रयोगको लागि पहुँच स्वीकृति दिइनेछ।

(४) अनुमति प्राप्त संस्थाले उत्पादन गरेको विद्युत उपदफा (१) बमोजिम राष्ट्रिय विद्युत प्रसारण ग्रिड वा प्रादेशिक प्रसारण ग्रिड वा प्रसारण प्रणालीमा पहुँचको लागि आयोगले निर्धारण गरे बमोजिमको प्रसारण शूल्क (व्हिलिङ्ग चार्ज) तथा अन्य दस्तुर तोकिए बमोजिम बुझाउनु पर्नेछ।

(५) कुनै अनुमति प्राप्त संस्थाले निर्माण वा संचालन गरेको प्रसारण लाईनमा अन्य संस्थाले विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्न चाहेमा तोकिए

बमोजिम प्रसारण शूल्क (व्हिलिङ्ग चार्ज) तथा अन्य दस्तुर लिई सो लाइनको प्राविधिक क्षमताले भ्याएसम्म विद्युत प्रसारणको सुविधा दिइनेछ।

(६) राष्ट्रिय विद्युत प्रसारण ग्रिड वा प्रादेशिक विद्युत प्रसारण ग्रिड वा विद्युत प्रसारण प्रणाली र सोमा पहुँच प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. विद्युत प्रसारण गर्ने निकायको काम, कर्तव्य र जिम्मेवारीः

(१) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही यस प्रदेशमा विद्युत प्रसारण गर्ने निकायको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) प्रादेशिक विद्युत प्रसारण लाइन र प्रादेशिक विद्युत प्रसारण ग्रिडको निर्माण, सञ्चालन, मर्मत सम्भार, विस्तार तथा सुरक्षा गर्ने,

(ख) राष्ट्रिय विद्युत प्रसारण ग्रिड र प्रादेशिक विद्युत प्रसारण ग्रिडबाट प्रवाह वा आपूर्ति भएको विद्युतको अभिलेख राख्ने,

(ग) राष्ट्रिय विद्युत प्रसारण ग्रिडसंग समन्वय गरि प्रादेशिक विद्युत प्रसारण प्रणालीको

सुपरीवेक्षण, व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(घ) तोकिए बमोजिमको प्रसारण शूल्क (व्हिलिङ्ग चार्ज) लिई अनुमति प्राप्त संस्था वा निकायलाई प्रादेशिक विद्युत प्रसारण ग्रिड वा प्रसारण प्रणालीमा पहुँच प्रदान गर्ने,

(ङ) विद्युतको उत्पादन, माग, खपत, आपूर्ति, आयात-निर्यात र विद्युत व्यापार सम्बन्धी विवरण तथा तथ्याङ्क मासिक रुपमा मन्त्रालय वा तोकिएको निकाय समक्ष पेश गर्ने,

(च) विद्युतको भार सम्प्रेषण र प्रादेशिक विद्युत प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समय-समयमा तोकिए बमोजिका अन्य कार्यहरु सम्पादन गर्ने।

(२) विद्युत प्रसारण निकायले विद्युत प्रसारण लाइन तथा ग्रिडको सञ्चालन तथा मर्मत सम्भारको कार्य गर्दा तोकिएका प्राविधिक मापदण्ड र राष्ट्रिय ग्रिड कोडको पालना गर्नु पर्नेछ।

## परिच्छेद-५
## विद्युत वितरण सम्बन्धी व्यवस्था

१६. <u>विद्युत वितरणः</u> (१) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम विद्युत वितरणको अनुमति प्राप्त संस्था वा वितरण निकायले अनुमतिमा उल्लिखित क्षेत्रभर बिना भेदभाव सबै उपभोक्ता वा ग्राहकलाई विद्युत वितरण गर्नु पर्नेछ ।प्रदेशका सबै वर्गका ग्राहकहरुलाई व्यवस्थित, भरपर्दो, गुणस्तरीय, दक्ष, सुरक्षित एवम् सर्वसुलभ विद्युत सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) विद्युत वितरण लाइन निर्माण, वितरण प्रणालीको सञ्चालन, त्यसको मर्मत सम्भार, प्रणाली विस्तार, विकास र सुदृढीकरण, वितरण लाइन जडान तथा विद्युत आपूर्ति गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>विद्युतको बहु वितरकः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको कुनै खास क्षेत्रमा ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन एउटा संस्थालाई अनुमति दिइएकोमा सोही क्षेत्रमा अर्को संस्थाले पनि त्यस्तो सेवा प्रतिस्पर्धात्मक रुपमा प्रदान गर्न चाहेमा प्रदेश सरकारको स्वीकृतिमा छुट्टै वितरण प्रणाली निर्माण गरी वा अनुमति प्राप्त संस्थाको मञ्जुरीमा साविक वितरककै वितरण प्रणाली प्रयोग गरी उपभोक्ता वा ग्राहकलाई विद्युत सेवा प्रदान गर्न सकिनेछ।

(२) विद्युत वितरण प्रणालीको प्रयोग तथा ग्राहकलाई विद्युत सेवा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>विद्युत वितरण गर्ने संस्थाको काम, कर्तव्य र जिम्मेवारीः</u> यस प्रदेशमा विद्युत वितरण गर्ने निकाय वा अनुमति प्राप्त संस्थाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) विद्युत वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, विस्तार तथा सुरक्षा गर्ने,

(ख) ग्राहकको माग बमोजिम व्यवस्थित, सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने,

(ग) सुरक्षित विद्युत आपूर्तिको लागि आवश्यक आधुनिक प्रविधि, यन्त्र, मेशिनरी, उपकरण जडान गर्ने तथा सोको सञ्चालन, मर्मत सम्भार गर्ने,

(घ) विद्युतीय संरचनाबाट ग्राहक, उपभोक्ता र अन्य जीउधनलाई कुनै किसिमको विद्युतीय दुर्घटना नहुने गरी विद्युतीय सुरक्षा सम्बन्धी तोकिएको वा प्रचलित मापदण्ड बमोजिम उपयुक्त उपायहरु अवलम्वन गर्ने,

(ङ) विद्युत सेवा उपलब्ध गराए वापत ग्राहकबाट तोकिए बमोजिमको महशुल उठाउने,

(च) ग्राहकहरुलाई ऊर्जा दक्षता तथा ऊर्जा खपत सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(छ) विद्युतको माग, खपत, आपूर्ति, प्रणाली व्यवस्थापन, ग्राहकको विवरण, ऊर्जा दक्षता, विद्युतीय सुरक्षा सम्बन्धमा गरेका काम कारवाही लगायतका अन्य विवरण तथा तथ्याङ्क वार्षिक रुपमा तोकिएको निकाय समक्ष पेश गर्ने,

(ज) विद्युतको वितरण प्रणाली सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समय-समयमा तोकिए बमोजिका अन्य कार्यहरु सम्पादन गर्ने।

१९. **थोक विद्युत खरिदः** (१) अनुमति प्रात संस्थाले थोकमा विद्युत खरिद गरी वितरण तथा व्यापार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थोक विद्युत खरिद सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "थोकविद्युत" भन्नाले यस प्रदेश भित्र विद्युत वितरण तथा व्यापारको लागि खरिद गरिएको एकमुष्ठ विद्युत सम्झनुपर्दछ।

२०. **विद्युत सेवा बन्द गर्न नहुनेः** (१) अनुमति प्रात संस्था वा वितरण निकायले प्रदेश भित्रका ग्राहकहरुलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत सेवा देहायको अवस्थामा बाहेक पूर्व सूचना नदिई बन्द वा अवरुद्ध गर्न सकिनेछैन :-

(क) विद्युतीय सुरक्षा उपकरण, यन्त्र, मेशिनरी वा लाइनको आकस्मिक मर्मत वा मर्मत सम्भार सम्बन्धी अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा,

(ख) बाढी, पहिरो, आगलागी, भुइँचालो जस्ता दैवी प्रकोप वा हडताल, तालाबन्द, दङ्गा वा अन्य यस्तै काबु बाहिरको कुनै असाधारण परिस्थिति आइपरेमा,

(ग) अनुमति प्राप्त संस्था वा वितरण निकायलाई कुनै ग्राहकले बुझाउनु पर्ने महशुल र अन्य दस्तुर नबुझाएमा त्यस्तो ग्राहकको हकमा,

(घ) कुनै उपभोक्ता वा ग्राहकले अनाधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा त्यस्ता ग्राहकको हकमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्राप्त संस्था वा वितरण निकायले ग्रिड संहिता तथा वितरण संहिताको आधारमा प्रदेश भित्र विद्युत लाइन मर्मत सम्भार वा अन्य प्राविधिक प्रयोजनको लागि पूर्व-सूचना दिई निश्चित समयावधीको लागि विद्युत सेवा बन्द वा कटौती गर्न सक्नेछ।

## परिच्छेद– ६

## विद्युत व्यापार तथा आयात-निर्यात सम्बन्धी व्यवस्था

२१. विद्युत व्यापारः (१) यस ऐन तथा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम विद्युत व्यापार अनुमति प्राप्त संस्थाले मात्र विद्युत व्यापार तथा विद्युत आयात- निर्यात गर्न सक्नेछ।

(२) विद्युत व्यापारको लागि अनुमति प्राप्त संस्थाले देहाय बमोजिमका कार्य गर्न सक्नेछः

(क) विद्युत उत्पादन अनुमति प्राप्त संस्थाले उत्पादन गरको विद्युत पूर्ण वा आंशिक खरिद गर्नसक्ने,

(ख) विद्युत व्यापार अनुमति प्राप्त संस्थाले खरिद गरेको विद्युत पुनः खरिद गर्नसक्ने,

(ग) आफैले खरिद गरेको विद्युत थोक वा आंशिक रुपमा बिक्री गर्नसक्ने,

(३) विद्युत व्यापार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. विद्युतको आयात-निर्यातः (१) विद्युत व्यापार अनुमति प्राप्त संस्थाले प्रदेश भित्र विद्युतको आयात-निर्यात गर्न तोकिए बमोजिम प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले प्रदेशभित्र विद्युत आयात गरी वितरण गर्न चाहेमा तोकिए बमोजिम प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिई विद्युत आयात गर्न सक्नेछ।

(३) अनुमति प्राप्त संस्थाले आफूले उत्पादन गरेको विद्युत नेपालको अन्य प्रदेश वा विदेशमा निर्यात गर्न चाहेमा सो सम्बन्धमा प्रदेश सरकार मार्फत नेपाल सरकारसंग सम्झौता गरी निर्यात गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विद्युत निर्यात गर्नेले प्रदेश सरकारलाई तोकिए बमोजिम निर्यात कर तिर्नु पर्नेछ।

(५) विद्युत आयात-निर्यात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७
## रोयल्टी तथा विद्युत महशुल

२३. रोयल्टीः (१) प्रदेशमा विद्युत उत्पादनको लागि यस ऐन तथा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति प्राप्त संस्थाले देहाय बमोजिम प्रदेश सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ :-

(क) व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको २ प्रतिशतका दरले हुने रकम,

(ख) खण्ड (क) मा उल्लिखित अवधि पश्चात प्रति जडित किलोवाट वार्षिक एकहजार रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको १० प्रतिशतका दरले हुने रकम।

(२) अनुमति प्राप्त संस्थाले जुन मुद्रामा विद्युत बिक्री गरेको हो सोही मुद्रामा प्रदेश सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ।

(३) अनुमति प्राप्त संस्थाबाट प्रदेश सरकारलाई प्राप्त रोयल्टी मध्ये तोकिए बमोजिमको रोयल्टी विद्युत उत्पादनसंग सम्बन्धित स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँड गरिनेछ।

२४. <u>विद्युत महशुल र अन्य दस्तुरः</u> (१) अनुमति प्राप्त संस्था वा संघीय/प्रदेश सरकारको कुनै निकाय वा स्थानीय निकाय वा सहकारी संस्था वा कुनै वितरकले प्रदेश भित्र विद्युत वितरण सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा उपभोग गर्ने ग्राहक वा उपभोक्तासंग विद्युत नियमन सम्बन्धी प्रचलित संघीय महशुल वा आयोगबाट निर्धारण गरिएको विद्युत महशुल र अन्य दस्तुर लिन सक्नेछ।

(२) वितरण अनुमति प्राप्त संस्था र यस प्रदेश भित्र विद्युत वितरण गर्ने वितरकहरुले ग्राहकको किसिम, विद्युत उपभोग गर्ने समय, विद्युत माग, विद्युत खरिद लागत र संचालन खर्च समेतका आधारमा विद्युत महशुल र अन्य दस्तुर निर्धारणका लागि आयोग समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विद्युत महशुल र अन्य दस्तुर तोकिए बमोजिम अशुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको विद्युत महशुल र अन्य दस्तुरमा एकल वा सामूहिक कृषकलाई सिंचाई कार्यका लागि तोकिए बमोजिम सहुलियत दरमा विद्युत उपलब्ध गराउन सकिनेछ।

(५) विद्युत महशुल र अन्य दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## विद्युतको गुणस्तर, आपूर्ति तथा सुरक्षा

२५. विद्युतको गुणस्तर र आपूर्तिः (१) प्रदेश सरकार वा विद्युत नियमन आयोगले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन बमोजिम उत्पादन, प्रसारण, वितरण वा व्यापार गरिने विद्युतको गुणस्तर र मापदण्ड तोक्न सक्नेछ।

(२) अनुमति प्राप्त संस्थाले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर र मापदण्ड कायम राख्नु पर्नेछ।

(३) अनुमति प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्दा वा मर्मत सम्भार कार्य गर्दा तोकिए बमोजिमको सुरक्षात्मक व्यवस्था र उपायहरु अबलम्बन गरी ग्राहकलाई भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्नु पर्नेछ।

२६. **मर्मत सम्भारः** विद्युत उत्पादन केन्द्र, प्रसारण वा वितरण लाइन वा अन्य कुनै संरचनाको मर्मत सम्भार गर्नका लागि वा अन्य कुनै कारणले विद्युतको आपूर्ति बन्द वा कटौती गर्ने वा रोक्नुपर्ने आवश्यकता परेमा अनुमति प्राप्त संस्थाले सो कुराको जानकारी उपभोक्ता र सर्वसाधारण जनतालाई कम्तीमा चौबीस घण्टा अगावै सार्वजनिक सूचनाद्वारा दिनु पर्नेछ। साथै त्यस्तो सूचना तोकिएको अधिकारीलाई समेत दिनु पर्नेछ।

२७. **विद्युत सेवा उपलब्ध गराउनु पर्नेः** (१) कुनै विशेष अवस्था परी प्रदेशको कुनै क्षेत्रको विद्युत उत्पादन, प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पुर्याउनुपर्ने भएमा प्रदेश सरकारले सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने अनुमति प्राप्त संस्था वा निकायलाई आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश बमोजिम निजले आवश्यक कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिएकोमा सो आदेशको पालना गर्दा सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने अनुमति प्राप्त संस्था वा निकायलाई हानीनोक्सानी वा मर्का पर्ने भएमा सोको आर्थिक दायित्व प्रदेश सरकारले बहन गर्नेछ।

२८. **संरचनाको सुरक्षाः** (१) अनुमति प्राप्त संस्थाले विद्युत संरचनाको डिजाइन तथा निर्माण गर्दा संरचनाको

डिजाइन तथा निर्माण सम्बन्धी स्वीकृत मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(२) संरचनाको सुरक्षाको प्राथमिक जिम्मेवारी अनुमति प्राप्त संस्थाको हुनेछ।

(३) अनुमति प्राप्त संस्थाले संरचनाको विशेष सुरक्षा गर्न आवश्यक ठानेमा सोको लागि प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि विशेष सुरक्षा भन्नाले हुलदङ्गा, विद्रोह, आतंककारी गतिविधि, आक्रमण वा यस्तै अन्य कुनै कारणले संरचनाको सुरक्षाको गर्नु पर्ने अवस्थालाई जनाउँछ।

(४) उपदफा (३) बमोजिम अनुरोध भएमा प्रदेश सरकारले संरचनाको विशेष सुरक्षाको लागि अनुमति प्राप्त संस्थाले सोको सम्पूर्ण आर्थिक दायित्व व्यहोर्ने गरी आवश्यक प्रबन्ध मिलाई दिनेछ।

२९. <u>जीउधनको सुरक्षाः</u> (१) अनुमति प्राप्त संस्था वा वितरकले विद्युत प्रसारण वा वितरण गर्ने सिलसिलामा विद्युतीय संरचनाबाट ग्राहक, उपभोक्ता र अन्य जीउधनलाई कुनै किसिमको विद्युतीय दुर्घटना नहुनेगरि विद्युतीय सुरक्षा सम्बन्धी तोकिएको वा प्रचलित मापदण्ड बमोजिम गर्नु पर्नेछ। अनुमति प्राप्त संस्था वा वितरकको कुनै असावधानी, कमीकमजोरी वा लापरबाहीले कुनै

विद्युतीय दुर्घटना हुन गएमा अनुमति प्राप्त संस्था वा वितरकले पीडित र घाइतेलाई तोकिए बमोजिमको क्षतिपूर्ति, उपचार खर्च, हानीनोक्सानी तिर्नु पर्नेछ। साथै घाइतेको कुनै अंगभंग भई निजले सामान्य जीवनयापन गर्न असमर्थ हुने देखिएमा घाइतेलाई तोकिए बमोजिमको जीवन निर्वाह भत्ता वा खर्च समेत तिर्नु पर्नेछ।

३०. वीमा गराउनु पर्नेः (१)अनुमति प्राप्त संस्थाले अनुमतिमा उल्लिखित कार्य प्रारम्भ भएदेखि प्रदेश सरकारलाई संरचना हस्तान्तरण गर्ने अवधिसम्मका लागि त्यस्तो संरचनाको वीमा गराउनु पर्नेछ।

(२)अनुमति प्राप्त संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारी, काममा संलग्न कामदारको वीमा गराउनु पर्नेछ।

## परिच्छेद-९
## घरजग्गा प्राप्ति सम्बन्धी व्यवस्था

३१. घरजग्गा प्राप्ति तथा क्षतिपूर्तिः (१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न अनुमति प्राप्त संस्थाले अनुमतिमा उल्लिखित कार्य गर्ने प्रयोजनको लागि कसैको घरजग्गा उपयोग वा प्राप्त गर्न प्रदेश सरकारको सहयोग आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी मन्त्रालय समक्ष लिखित अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएमा प्रदेश सरकारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा अनुमति प्राप्त संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो घरजग्गा प्राप्त गराइदिनेछ।

(३) संरचना निर्माणको लागि आवश्यक नपर्ने तर संरचनाको सुरक्षाको लागि आवश्यक पर्ने घरजग्गा अनुमति प्राप्त संस्थाले उपयोग गर्न चाहेमा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाइदिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा वा राष्ट्रिय/प्रादेशिक वन क्षेत्रको जग्गा अनुमति बहाल रहने अवधिभरको लागि अनुमति प्राप्त संस्थालाई तोकिए बमोजिमको शर्तको अधिनमा रही तोकिए बमोजिमको शूल्क लिई पट्टा सम्झौता (लिज एग्रिमेन्ट) द्वारा उपलब्ध गराइनेछ।

(५) यस दफा बमोजिम अनुमति प्राप्त संस्थालाई प्रदेश सरकारले घरजग्गा उपलब्ध गराइदिएको कारणबाट सम्बन्धित घर वा जग्गाधनीलाई पुग्न गएको वास्तविक हानीनोक्सानी वापत अनुमति प्राप्त संस्थाले त्यस्तो घर वा जग्गाधनीलाई प्रचलित कानून बमोजिम हर्जाना, क्षतिपूर्ति वा मुआब्जा दिनु पर्नेछ।

३२. **पुनर्स्थापना तथा पुनर्वासः** (१) प्रदेश सरकारले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको घरजग्गा प्राप्त गराइदिएको कारणबाट विस्थापित हुन जाने व्यक्ति तथा परिवारलाई अनुमति प्राप्त संस्थाले पुनर्स्थापना र पुनर्वासको व्यवस्था गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले आफूले प्राप्त गरेको अनुमति बमोजिम विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्दा पुनर्स्थापना र पुनर्वासको कार्यक्रमलाई एकीकृतरुपमा सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकृतरुपमा पुनर्स्थापना र पुनर्वासको संचालन गर्दा आवश्यक पर्ने प्रशासनिक समन्वय तथा सहयोग प्रदेश सरकारले गर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा आवश्यक पर्ने आर्थिक दायित्व अनुमति प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

३३. **अरुको घरजग्गामा प्रवेश गर्न सक्नेः** (१) अनुमति प्राप्त संस्थाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्ने सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नुपरेमा सम्बन्धित व्यक्ति वा संस्थाको सहमति लिई त्यस्तो घरजग्गामा प्रवेश गर्नु पर्नेछ ।

तर कुनै दुर्घटना नियन्त्रण गर्नुपर्ने अवस्थामा वा कुनै घरजग्गामा विद्युतको अनधिकृत प्रयोग वा अनाधिकृत भइरहेको विद्युत चोरी भइरहेको हुनसक्ने मनासिव माफिकको कारण भएमा सो बारे जाँचबुझ गर्न पूर्व सूचना नदिई सम्बन्धित घरजग्गामा प्रवेश गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कसैको घरजग्गामा प्रवेश गर्न सम्बन्धित व्यक्ति वा संस्थाले सहमति नदिएमा निजलाई पूर्व सूचना दिई कम्तिमा दुईजना स्थानीय व्यक्तिको रोहबरमा त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कसैको घरजग्गामा प्रवेश गर्दा सम्बन्धित व्यक्ति वा निजको सम्पत्तिमा कुनै किसिमको हानीनोक्सानी हुन गएमा अनुमति प्राप्त संस्थाले वास्तविक हानीनोक्सानी बापत त्यस्तो व्यक्तिलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद-१०
## विशेष व्यवस्था

३४. **अनुमति प्राप्त संस्थासंग सम्झौता गर्न सकिने:** अनुमति प्राप्त संस्थासंग विद्युतको एकमुष्ट वा आंशिक खरिद, लगानी गरिने आवश्यक पूंजी र त्यस्तो पूंजीको जमानत वा अन्य आर्थिक एवं प्राविधिक विषयका सम्बन्धमा

प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले सम्झौता गर्न सक्नेछ ।

३५. <u>प्रदेश सरकारले विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न सक्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार आफैले वा प्रदेश सरकारको कुनै निकाय वा मन्त्रालयको विद्युत इकाई मार्फत विद्युतको उत्पादन वा विकास गर्न तथा प्रसारण वा वितरण गर्न सक्नेछ।

३६. <u>प्रदेश सरकारले करार गरी विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न सक्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले कुनै स्थानीय तह, सरकारी निकाय, कुनै स्वदेशी, विदेशी वा बहुराष्ट्रिय संस्थासंग करार गरी सोही करारमा उल्लिखित शर्तहरुको आधारमा तोकिए बमोजिम प्रादेशिक विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्नेछ ।तर विदेशी वा बहुराष्ट्रिय संस्थासंग करार गर्नुअघि संघीय सरकारसंग समन्वय गर्नु पर्नेछ।

३७. <u>प्रदेश विद्युत नियमन आयोगः</u> (१) यस प्रदेश भित्र विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको नियमन गर्न, प्राविधिक व्यवस्थापन गर्न, विद्युत उपभोक्ताका हक र हित संरक्षण गर्न, विद्युतका बजारलाई प्रतिस्पर्धात्मक बनाउन, विद्युत महशुल र अन्य दस्तुर निर्धारण गर्न तथा विद्युतको संहिता, गुणस्तर र मापदण्ड तोक्न तोकिए

बमोजिम प्रदेश सरकारबाट एउटा विद्युत नियमन आयोग गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको आयोगमा विद्युत क्षेत्रको विशेषज्ञ, अर्थविज्ञ, कानूनविज्ञ, प्रदेश सरकारको प्रतिनिधि, विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी प्राविधिक विशेषज्ञहरू मध्येबाट कम्तीमा पाँचजना व्यक्तिहरु रहनेछन् ।

(३) प्रदेश विद्युत नियमन आयोग गठन तथा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. <u>**विद्युत विकास इकाइ:**</u> प्रदेशमा विद्युतको विकास गर्न गराउन र विद्युतको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न तथा विद्युत विकास र उर्जा सम्बन्धी कामहरुको समन्वय र अनुगमनका लागि मन्त्रालय अन्तरगत एउटा विद्युत विकास विभाग वा महाशाखा वा इकाइ रहनेछ र त्यस्तो विभाग वा महाशाखा वा इकाइको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३९. <u>**प्रादेशिक विद्युत बोर्ड:**</u> प्रदेश भित्र व्यवस्थित, भरपर्दो, सुरक्षित र सर्वसुलभ विद्युत सेवा तथा प्रादेशिक विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कार्य गर्न गराउन प्रदेश सरकारले एउटा प्रादेशिक विद्युत बोर्ड स्थापना

गर्न सक्नेछ । प्रादेशिक विद्युत बोर्डको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. <u>प्रदेश सरकारले कम्पनी स्थापना गर्न सक्नेः</u> प्रादेशिक विद्युत उत्पादन, प्रसारण वा वितरण कार्यमा निजी क्षेत्रका शेयर पूँजी समेतलाई प्रोत्साहन गर्न / गराउन प्रदेश सरकारले प्रदेश सरकार वा मन्त्रालय वा कुनै सरकारी वा स्थानीय निकायको शेयर स्वामित्व रहने गरी कम्पनी वा सहायक कम्पनी स्थापना गर्न सक्नेछ ।

४१. <u>मन्त्रालयले गर्न सक्नेः</u> यस ऐनमा व्यवस्था भए अनुसारको आयोग गठन वा कुनै निकाय स्थापना नभएसम्म त्यस्तो आयोग वा निकायले गर्ने कार्य प्रदेश सरकारको निर्देशन, नियन्त्रण र स्वीकृतीमा मन्त्रालयले सम्पादन गर्न सक्नेछ ।

## परिच्छेद-११

## <u>क्षतिपूर्ति, कसुर तथा सजाय सम्बन्धी व्यवस्था</u>

४२. <u>क्षतिपूर्ति निर्धारण समितिः</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, अनुमति जारी गर्दा निर्धारण भएका शर्त तथा प्रदेश सरकार र अनुमति प्राप्त संस्थाबीच भएको सम्झौता पालन नगरेको कारणले हुन गएको वा दफा ७ बमोजिम अनुमति खारेज भएको कारणले हुन गएको वा दफा २९ बमोजिम विद्युतीय दुर्घटना हुन गएमा अनुमति प्राप्त संस्था वा वितरकले

पीडित र घाइतेलाई तिर्नुपर्ने क्षतिपूर्ति, उपचार खर्च, हानीनोक्सानी, निर्वाह भत्ता/खर्च वा दफा ३१ बमोजिम घरजग्गा उपलब्ध गराइदिएको कारणबाट सम्बन्धित घर वा जग्गाधनीलाई पुग्न गएको वा दफा ३३ बमोजिम व्यक्ति/संस्थाको घरजग्गामा प्रवेश गर्दा हुन गएको वास्तविक हानीनोक्सानीको हर्जाना/ क्षतिपूर्ति/ मुआब्जा निर्धारण गरी भराइदिन एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन, क्षतिपूर्ति, हानीनोक्सानी, हर्जाना, मुआब्जा, भत्ता र खर्च निर्धारणको आधार तथा सोको मागदावी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. <u>कसूर:</u> देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(१) अनुमति प्राप्त नगरी विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गरेमा,

(२) संरचनामा प्रतिकूल असर पर्ने वा हानीनोक्सानी हुने कुनै काम गरेमा, भत्काएमा, बिगारेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा वा त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा,

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम,

अनुमति वा सम्झौतामा उल्लिखित व्यवस्था वा शर्तको उल्लंघन गरेमा वा त्यस्तो व्यवस्था विपरीत कुनै काम गरेमा।

४४. <u>सजायः</u> (१) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको उल्लङ्घन गरेमा तोकिएको अधिकारीले निजलाई पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने तोकिएको अधिकारीले निजबाट त्यस्तो हानीनोक्सानी बापतको क्षतिपूर्ति समेत भराइदिन सक्नेछ।

(२) दफा ४३ को उपदफा (१) बमोजिमको कसूर गरेमा तोकिएको अधिकारीले कसूरदारलाई दश लाख रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) दफा ४३ को उपदफा (२) बमोजिमको कसूरदारबाट वास्तविक रुपमा हुन गएको हानीनोक्सानीको बापतको विगो बमोजिमको रकम अशुल गरी निजलाई बिगो बमोजिम जरिवाना वा मुलुकी फौजदारी संहिताले तोके बमोजिम सजाय हुन सक्नेछ।

(४) दफा ४३ को उपदफा (३)बमोजिमको कसूर गर्नेलाई तोकिएको अधिकारीले पांच लाख रुपैंयासम्म जरिवाना गरी त्यसबाट कसैलाई हानीनोक्सानी हुन गएको रहेछ भने सो बापतको

क्षतिपूर्ति भराउने र कुनै निर्माण कार्य रोक्ने तथा सुधार गर्ने आदेश दिन सक्नेछ।

४५. <u>सरकार वादी हुने:</u> ऐनको दफा ४३ को उपदफा (२)अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची– १ मा समावेश भएको मानिनेछ।

४६. <u>पुनरावेदन:</u> ऐनको दफा ४ बमोजिम अनुमति नदिएकोमा वा दफा ७ बमोजिम अनुमति खारेज गरेकोमा वा दफा २९ वा दफा ३१ वा दफा ३३ वा दफा ४२ वा दफा ४७ को व्यवस्था बमोजिम दिएको आदेश, क्षतिपूर्ति वा हानीनोक्सानी वा रकममा वा दफा ४४ बमोजिम तोकिएको अधिकारीले दिएको सजाय वा आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्था वा पक्षले त्यस्तो सजाय वा आदेश पाएको मितिले पैंतीस दिन भित्र प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१२
## <u>विविध</u>

४७. <u>राष्ट्रियकरण नगरिने:</u> (१) अनुमति प्राप्त संस्थाको स्वामित्वमा रहेको संरचनाको कानून बमोजिम बाहेक राष्ट्रियकरण वा अधिग्रहण गरिनेछैन।

(२) प्रदेश सरकारले आवश्यक ठानी अनुमति प्राप्त संस्थाको स्वामित्वमा रहेको जग्गा, भवन, उपकरण तथा संरचना लिन चाहेमा सो बापत प्रदेश सरकारले सम्बन्धित संस्थालाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(३) उपदफा (२) बमोजिम दिइने क्षतिपूर्ति प्रदेश सरकारले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य ह्रास कटाई निर्धारित गरिनेछ।

४८. **आयोजनाका लागि मेशिनरी, औजार, पार्टपूर्जाहरु आयात गर्दा लाग्ने भन्सार र विक्रीकरः** (१) विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण, औजारहरु तथा सोको सञ्चालन र मर्मत सम्भारको निमित्त आवश्यक पर्ने मेशिनरी, उपकरण, औजार र तिनका पार्टपूर्जाहरु स्थानीय उद्योगहरु तथा नेपालभित्र विद्यमान उद्योगहरुबाट उत्पादन नहुने मेशिनरी, उपकरण, औजार तथा सामानहरुको हकमा अनुमति प्राप्त संस्थाले आयात गरेमा प्रचलित भन्सार दरबन्दी अनुसार नेपाल सरकार वा प्रचलित कानून वा संघीय विद्युत ऐनले तोक बमोजिमको भन्सार महशूल लाग्नेछ र त्यस्तोमा आयात इजाजतपत्र दस्तुर, बिक्रीकर आदि प्रदेश सरकारले तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधाको लागि आवश्यक पर्ने उपकरण, मेशिनरी, औजार, सोसँग सम्बन्धित जगेडा पार्टपूर्जा र सामग्रीको गुरु सूची

(मास्टर लिस्ट) को परिमाण समेत उल्लेख गरी मन्त्रालयबाट स्वीकृति गराउनु पर्नेछ। एक पटक स्वीकृत भएको वस्तुको गुरु सूचीमा पुनः अन्य वस्तु थप गर्न पाइनेछैन।

४९. <u>विदेशी विनिमयको सुविधाः</u> विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी गरेकोमा ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक पर्ने विदेशी मुद्रा मन्त्रालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले प्रचलित बजार विनिमय दरमा उपलब्ध गराउनेछ।

५०. <u>प्रचलित कानून बमोजिमको सुविधा पाउनेः</u> अनुमति प्राप्त संस्थाले यस ऐन बमोजिम पाउने सुविधाका अतिरिक्त प्रचलित कानून बमोजिम पाउने सुविधा पनि दोहोरो नपर्ने गरी लिन पाउनेछ।

५१. <u>वासस्थान तथा बोनस सम्बन्धी व्यवस्थाः</u> (१) विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारको अनुमति प्राप्त संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारी तथा कामदारको लागि वासस्थानको उचित प्रबन्ध गर्नु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्युतको उत्पादन, प्रसारण, वितरण वा

व्यापारको काममा संलग्न कर्मचारी तथा कामदारको वासस्थान तथा बोनसको व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **<u>वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्ने:</u>** विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्दा भू-क्षय, बाढी, पहिरो, वायु-प्रदूषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्नेगरी गर्नु पर्नेछ।

५३. **<u>विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे):</u>** (१) विद्युत प्रसारण तथा वितरण लाइन निर्माण तथा सञ्चालनको लागि त्यस्तो लाइनको केन्द्रविन्दुबाट दायाँ बायाँ दुवै तर्फ तोकिए बमोजिम विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे) कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत प्रसारण लाइनको अधिकार क्षेत्र (राइट अफ वे) कायम गरिएको जग्गा जमिनमा कुनै पनि प्रकारको घर, टहरा वा संरचना निर्माण गर्न पाइनेछैन।

(३) उपदफा (१) बमोजिम विद्युत प्रसारण लाइनको अधिकार क्षेत्र (राइट अफ वे) भित्र परेका जग्गा जमिनको लागि अनुमति प्राप्त संस्थाले तोकिए बमोजिमको मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ।

५४. **<u>उर्जा दक्षता कायम गर्ने:</u>** (१) अनुमति प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी

कार्य गर्दा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(२) विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धित उर्जा दक्ष उपकरण तथा प्रविधि आयातमा तोकिए बमोजिम कर तथा भन्सार छुटको सुविधा उपलब्ध हुनेछ।

५५. <u>विद्युतीकरण तथा वितरण प्रणालीमा सहभागी गराउन सक्ने:</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेशको विद्युतीकरण तथा विद्युत वितरण प्रणालीको सञ्चालनमा आवश्यकतानुसार संघीय सरकार, स्थानीय निकाय, सामुदायिक र सहकारी संस्थालाई सहभागी गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम विद्युतीकरण तथा वितरण प्रणालीको सञ्चालनमा सहभागी गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. <u>विद्युत टावर तथा पोलको प्रयोग:</u> (१) विद्युत प्रसारण वा वितरणको लागि खडा गरिएका विद्युत टावर, पोलहरु तथा संरचना अन्य उपयुक्त कार्य वा प्रयोजनको लागि आपसी सम्झौताका आधारमा प्रयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम विद्युत टावर, पोल तथा संरचना प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५७. <u>सार्वजनिक स्थलको बत्तीः</u> (१) सडक, पार्क वा सार्वजनिक स्थलमा विद्युत लाइन वा पोलमा जडान गरिएको विद्युतीयबत्ती बापत्तको महशुल तिर्ने दायित्व सम्बन्धित स्थानीय तह वा उपभोक्ता समूहको हुनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थलमा विद्युत लाइन वा पोलमा जडान र प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. <u>जाँचबुझ तथा निरीक्षण गरी निर्देशन दिन सक्नेः</u> (१) मन्त्रालयले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसंग सम्बन्धित संरचनाको निर्माण कार्य प्राविधिक दृष्टिले सुरक्षित, गुणस्तरीय, भरपर्दो भए/नभएको सम्बन्धमा आवश्यक जाँचबुझ तथा निरीक्षण गरी अनुमति प्राप्त संस्थालाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम तथा अनुमति प्रदान गर्दा निर्धारण गरिएका शर्त बमोजिम अनुमति प्राप्त संस्थाले काम गरे/नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गरी अनुमति प्राप्त संस्थालाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको आदेश तथा निर्देशनको पालना गर्नु, गराउनु सम्बन्धित अनुमति प्राप्त संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिम दिइएको आदेश तथा निर्देशन अनुमति प्राप्त संस्थाले पालना नगरेमा मन्त्रालयले त्यस्तो विद्युत आयोजनासंग सम्बन्धित संरचनाको निर्माण कार्य रोक्न आदेश दिन सक्नेछ।

(५) उपदफा (१), (२) वा (४) बमोजिम दिइएको आदेशको कारणबाट अनुमति प्राप्त संस्थालाई पर्न गएको हानीनोक्सानी वापत प्रदेश सरकार वा मन्त्रालय वा आयोगले कुनै दायित्व व्यहोर्नु पर्नेछैन।

५९. <u>प्रदेश सरकारले व्यवस्थापन जिम्मा लिन सक्नेः</u> (१) प्रदेश सरकारले अनुमति प्राप्त संस्थालाई यो ऐन तथा यो ऐन अन्तर्गत बनको नियम र अनुमतिको शर्त बमोजिम विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको कार्य गर्न पटक-पटक आदेश वा निर्देश दिंदा पनि सोको बेवास्ता गरेमा वा विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको कार्य गर्न पूर्णरुपमा असक्षम र असमर्थ भएमा वा आम उपभोक्ताको हित प्रतिकूल हुनेगरी कार्य गरेमा त्यस्तो विद्युत उत्पादन वा प्रसारण वा वितरण सम्बन्धी आयोजना वा प्रणाली वा व्यापार कार्यको व्यवस्थापन

केही समयको लागि प्रदेश सरकारले आफ्नो जिम्मा वा नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी आयोजना वा प्रणाली वा व्यापार कार्य आफ्नो जिम्मा वा नियन्त्रणमा लिएकोमा त्यसको व्यवस्थापन र सञ्चालनको लागि प्रादेशिक वा निजामती वा सरकारी सेवामा कार्यरत कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारीलाई प्रशासकको रुपमा नियुक्त गरी व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त प्रशासकले त्यस्तो विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि अनुमति प्राप्त संस्थाको संचालक समिति र कार्यकारी प्रमुखलाई भएको सबै वा केही अधिकार प्रयोग गर्न सक्नेछ।

(४) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी आयोजना वा प्रणाली वा व्यापार कार्यको व्यवस्थापन जिम्मा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६०. <u>जग्गाको प्रयोग र हदबन्दीः</u> (१) सौर्यविद्युत उत्पादन गर्ने प्रयोजनको लागि प्राप्त जग्गा अन्य कुनै प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन।

तर प्रबर्द्धकको निजी स्वामित्वको कानून बमोजिमको हदबन्दीभित्र परिमाणको उक्त जग्गा अन्य कुनै प्रयोजनको लागि प्रयोग वा उपभोग वा बिक्री वा हक हस्तान्तरण गर्न कुनै बाधा पर्नेछैन।

(२) विद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा सम्बन्धित अनुमति प्राप्त संस्थाको नाममा लिजमा लिनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्न कुनै हदबन्दी लाग्नेछैन।

तर यस उपदफा बमोजिम विद्युत आयोजनाको लागि प्राप्ति वा खरिद गरिएको जग्गा कुनै पनि तरिकाले बिक्री वा हक हस्तान्तरण गर्न वा अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइनेछैन।

६१. <u>विद्युत निरीक्षकः</u> (१) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको स्तर (क्वालिटी) निरीक्षण र सुरक्षा रेखदेख गर्नको लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रमुख विद्युत निरीक्षक र विद्युत निरीक्षकहरु नियुक्त गर्न सक्नेछ।

(२) प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको लागि चाहिने योग्यता तोकिए बमोजिम हुनेछ।

(३) प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

६२. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) अनुमति प्राप्त संस्थाले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्दा भएको आयव्ययको लेखा खडा गरी प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखा आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र मन्त्रालय, आयोग वा तोकिएको सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको कार्य शुरु गरिसकेपछि मन्त्रालय, आयोग वा तोकिएको सम्बन्धित निकायमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

६३. **यसै ऐन बमोजिम हुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस प्रदेश भित्र विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा यो ऐन वा यस ऐन अन्तरगत बनेको नियममा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

६४. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६५. **<u>बाधा अड्काउ सम्बन्धी व्यवस्थाः</u>** यस ऐनको उद्देश्य कार्यान्वयनको लागि कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ पर्नुको आधार र कारण समेत खोली यस ऐनको उद्देश्य विपरित नहुने गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रदेश सभावाट मिति २०७६।१२।०२ मा पारित भएको यो विधेयक प्रमाणित गर्दछु ।

.....................................

(सरोज कुमार यादव)

सभामुख